प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक


PRATIDIN NATIONAL DAILY




वर्ष-१६ ।। अङ्क : ९७ ॥ २०८१ जेठ ०४ गते शुक्रबार (17th May 2024 Friday) | Pratidin National Daily | मूल्य-रु.५/-

# डिल्लीराज माविको प्रअमा गुप्तालाई नै जिम्मेवारी



कुमरखोद(प्रस) । झापाको झापा गाउँपालिका वडा नं.४ मा रहेको डिल्लीराज माध्यमिक विद्यालयमा अहिले २ जना प्रधानाध्यापक कार्यरत रहेका छन् ।
प्रधानाध्यापक हुने भाग्यमानी व्यक्तिहरु हुन् गोपीप्रसाद पराजुली र विरेन्द्रप्रसाद गुप्ता ।
एउटै विद्यालयमा दुईजना प्रअ भएपछि शिक्षक कर्मचारीहरु दोधारमा परेका छन् । कुन प्रधानाध्यापकको आदेश मान्ने कुनको नमान्ने । प्रधानाध्यापकसंगै शिक्षकहरु पनि दुई खेमामा बाँडिएका छन् । कोही शिक्षक पराजुलीको पक्षमा छन् भने कोही शिक्षक गुप्ताको पक्षमा । कसैलाई पनि विद्यार्थीको भविष्यको मतलव छैन ।

अहिले डिल्लीराज मावि राजनीति गर्ने अखडा बनेको छ । झापा गाउँपालिका कार्यालयको गत बैशाख १३ गतेको बैठकले पराजुलीलाई निमित्त प्रअको जिम्मेवारी दिँदै पूर्णकालीन प्रधानाध्यापक रहेका गुप्तालाई पदीय जिम्मेवारीबाट हटाउने निर्णय गरेको थियो ।तर, प्रअबाट गुप्तालाई हटाउने निर्णय विद्यालय व्यवस्थापन समितिले अस्वीकार गरेको छ ।
प्रधानाध्यापक गुप्तालाई पदमुक्त गरेपछि विद्यालय व्यवस्थापन समितिका बहुसंख्यक सदस्यहरुको बुधवार बैठक बसेको थियो । शिक्षा ऐन २०२८( संशोधन सहित ) शिक्षा नियमावली २०५९ ( संशोधन सहित )को नियम ९३(९) को बमोजिम र नमुना विद्यालय विकास तथा संचालन निर्देशिका २०७४ ( संशोधन सहित ) को दफा ८.१ को ( घ) बमोजिम विद्यालयको प्रधानाध्यापकलाई पदबाट हटाउने अधिकार विद्यालय व्यवस्थापन समितिलाई मात्र रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कलाम शेखले बताए ।
प्रधानाध्यापक गुप्तालाई झापा गाउँपालिकाले पदबाट हटाउने कानुनी अधिकार नभएको र नेपालको संविधान धारा ५७ (६) मा पालिकाले निर्माण गरेको संघीय कानुनसँग बाँझिएकोले आफूहरुलाई अमान्य भएको शेखले जिकिर गरे । अध्यक्ष शेखले गाउँपालिकाले बैशाख १३ गते गरेको निर्णयलाई मान्न आफूहरु बाध्य हुन नपर्ने भन्दै गुप्तालाई नै प्रधानाध्यापकको पदमा रहिरहन निर्णय गरेका छन् । उक्त बैठकले निमित्त प्रधानाध्यापकको आवश्यकता नभएको भन्दै पराजुलीलाई शिक्षकको भूमिकामा नै रहेर आफ्नो कर्तव्य निर्वाह गर्न निर्देशन दिएको छ ।

झापा गाउँपालिकाले बैशाख १३ गते प्रधानाध्यापक गुप्तालाई पदमुक्त गर्ने निर्णय गरेपछि उनको ठाउँमा सोही विद्यालयको सहायक प्रअ पराजुलीलाई निमित्त प्रअको जिम्मेवारी दिएको थियो । पराजुलीलाई निमित्त प्रअ दिएपछि विद्यालय व्यवस्थापन समितिका अध्यक्षलगायत बहुसंख्यक सदस्यहरु पालिकाको निर्णयप्रति रुष्ट बनेका थिए । रुष्ट बनेका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शेख गुप्ताको बचाउमा उभिए । उनले प्रधानाध्यापकको पद बचाउनको लागि बैशाख १६ गते झापा गाउँपालिकालाई विपक्षी बनाई उच्च अदालत विराटनगर , इलाम ईजलासमा निवेदन दर्ता गराए । उच्च अदालतका न्यायाधीश किरण पौडेलको एकल इजलासले झापा गाउँपालिकाको कार्यालयलाई विपक्षी बनाई दिएको रिटमा अन्तरिम आदेश दिएको थियो । उच्च अदालतले विपक्षी झापा गाउँपालिकाका कार्यालयलाई १५ दिन सवुत प्रमाणसहित लिखित जवाफ पेश गर्नु भनिएको थियो । उच्च अदालतले अन्तरिम आदेश दिँदै विपक्षी झापा गाउँपालिकालाई बैशाख १३ गते गरेको निर्णयमा पराजुलीलाई निमित्त प्रअको जिम्मेवारी तोकिएको पत्र हाल कार्यान्वयन नगराई यथास्थितिमा राख्न भनी अल्पकालीन आदेश दिएको थियो ।

त्यतिबेला पराजुलीले ४ दिनका लागि निमित्त प्रअको जिम्मेवारी पाएका थिए । उच्च अदालत विराटनगर , इलाम ईजलासमा रिट निवेदक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शेख प्रअ गुप्तासमेतले उठाएका विषयवस्तुका सम्वन्धमा लिखित जवाफ परी अन्तिम सुनुवाई हुँदाको वखत निरुपण हुने अवस्था देखिएको हुँदा बैशाख २४ गते अघिल्लो अन्तरिम आदेश बैशाख १७ गतेको निर्णयलाई निरन्तरता दिनु नपर्ने र कानुन वमोजिम गर्नु भनी आदेश दिइएको थियो ।

# भारत फिर्ता गरिँदै रक्तचन्दन



झापा(प्रस)। नेपालका विभिन्न १८ जिल्लामा थन्काएर राखिएको रक्तचन्दन भारतलाई फिर्ता गर्ने तयारी सुरु भएको छ । वैशाख २७ गते बसेको मन्त्रिपरिषद् बैठकले रक्तचन्दन फिर्ता गर्ने निर्णय गरेपछि प्रक्रिया अघि बढाएको हो ।
मन्त्रिपरिषद् बैठकले सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन-२०७३ को दफा ३० बमोजिम विभिन्न स्थानमा घाटगद्दीमा रहेको जम्मा एक लाख ७३ हजार ७१.७९२ केजी रक्तचन्दन काठ उत्पत्ति भएको मुलुकमा फिर्ता लैजान स्वीकृति प्रदान गर्ने निर्णय गरेको थियो । सरकारले चौथो पटक रक्तचन्दन फिर्ता गर्ने निर्णय गरे पनि कार्यान्वयन हुन सकेको थिएन । यस पटकको निर्णयले २०६४ सालदेखि बरामद गरेर राखिएको रक्तचन्दन भारतलाई फिर्ता गर्ने प्रक्रियाले सार्थकता पाउने देखिएको छ ।
वन तथा वातावरण मन्त्रालयका सहसचिव एवं प्रवक्ता बद्रीराज ढुङ्गानाले भारतलाई रक्तचन्दन फिर्ता गर्ने निर्णय भएलगत्तै मन्त्रालयलाई पत्र प्राप्त भएकाले परराष्ट्र मन्त्रालयलाई चिठी लेखेर पठाएको जानकारी दिए । "मन्त्रीपरिषद् बैठकबाट भारतलाई रक्तचन्दन फिर्ता गर्ने निर्णय भएपछि आइतबार मन्त्रालयलाई जानकारी भयो । हामीले सोमबार परराष्ट्र मन्त्रालयलाई पत्र लेखेर पठाएका छौँ," उनले भने, "उहाँहरू (परराष्ट्र मन्त्रालय) ले नेपालमा रहेको भारतीय दूतावासलाई रक्तचन्दन फिर्ता लिन पत्र पठाउनुहुने छ । भारतबाट जति छिटो रक्तचन्दन फिर्ता लिन पत्र प्राप्त हुन्छ, त्यति छिटो जाने छ ।"
उनले सरकारले निर्णय गरेको ९० दिनभित्र नेपालको सीमा कटाएर रक्तचन्दन पठाइसक्नुपर्ने व्यवस्था रहेको बताए । "यसअघि भारतले रक्तचन्दन लिने इच्छा देखाए पनि तयारी नपुगेको भनेर लिन सकेनन् । उनीहरूले रक्तचन्दन फिर्ता लिन गम्भीर छौँ भनेर पत्र लेखेर पठाएका छन्," उनले भने, "भारतले जति छिटो तयारी गरेर पत्र पठाउँछ, त्यति छिटो रक्तचन्दन फिर्ता हुने छ ।" उनले नेपालका विभिन्न १८ जिल्लामा भएको रक्तचन्दन भारतले आफ्नै खर्चमा स्वदेश लैजाने तयारी गरेको बताए ।
यस्तै वन तथा भूसंरक्षण विभागका उपमहानिर्देशक दीपक ज्ञवालीले यस पटक भारतले रक्तचन्दन फिर्ता लिने विश्वास व्यक्त गरे । "रक्तचन्दन राम्रो छ । केही बिग्रेको छैन । प्रयोग गर्न मिल्छ । तस्करी गरेर तेस्रो देश लिन लागेको नेपालले बरामद गरेर सुरक्षित तरिकाले राखिदिएको छ," उनले भने, "योभन्दा पहिले रक्तचन्दन फिर्ता लिने निर्णय भए पनि दसैँ परेकाले समय अभावले लिन सकेनन् । यो पटक रक्तचन्दन लिने छन् ।"
रक्तचन्दन थन्किएर राखिएका जिल्ला सिन्धुपाल्चोक, काठमाडौँ, ललितपुर, भक्तपुर, काभ्रे, रसुवा, दोलखा, धादिङ, गोरखा, ताप्लेजुङ, संखुवासभा, झापा, सप्तरी, सर्लाही, चितवन, नवलपरासी, कपिलवस्तु र बझाङमा छन् । बरामद गरेर राखिएका रक्तचन्दन नेपाल प्रहरी र सशस्त्र प्रहरीले सुरक्षा दिएर राखिएको छ । भारतले रक्तचन्दन नलिँदा काठमाडौँलगायत अरू जिल्ला सदरमुकाममा रहेको महत्वपूर्ण जग्गा ओगट्नुका साथै सुरक्षा व्ययभार थपिएको छ ।
२०६५ सालमा बसेको मन्त्रीपरिषद् बैठकले ५४ हजार ११२ केजी रक्तचन्दन भारतलाई फिर्ता गर्ने निर्णय गरेको थियो । तर ३६ हजार ९२८ किलो रक्तचन्दन मात्र फिर्ता गरिएको थियो । त्यसैगरी २०७१ फागुन १२ मा बसेको मन्त्रिपरिषद् बैठकले २७ हजार १६६ केजी रक्तचन्दन भारतलाई फिर्ता दिने निर्णय गरेको थियो । २०७६ साल पुस र २०८० साउनमा सरकारले भारतलाई फिर्ता दिने निर्णय भए पनि रक्तचन्दन फिर्ता हुन सकेको थिएन ।
भारतमा पाइने रक्तचन्दन नेपाललाई ट्रान्जिट प्वाइन्ट बनाउँदै चीनलगायत तेस्रो मुलुक निर्यात हुँदा बरामद भएको थियो । धार्मिक प्रयोजनसँगै औषधीमा रक्तचन्दन प्रयोग हुने भन्दै चीनलगायत तेस्रो मुलुक निर्यात हुने गरेको थियो । पछिल्लो समय रक्तचन्दन तस्करी रोकिएको वन मन्त्रालयका कर्मचारी बताउँछन् ।

# नक्कली सुन देखाएर ठगी गर्ने दमकमा पक्राउ





झापा(प्रस) । सुनजस्तो पहेलो धातुको टिल देखाई महिलाहरुलाई ठगी गर्ने एकजनालाई दमकबाट प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा मोरङ उर्लाबारी नगरपालिका वडा नं.५ क्षेत्री बाहुन टोल बस्ने ३० वर्षीय सन्जित शर्मा रहेका छन् । उनले दमक नगरपालिकाको हाटबजार क्षेत्रमा जेष्ठ नागरिक र महिलाहरूलाई विभिन्न मितिहरुमा सुनजस्तो पहेलो धातुको टिल देखाई नगद तथा महिलाहरुले लगाएका सुनका गर-गहनाहरुसँग सट्टापटा गरी ठगी गरेका थिए । त्यस उजुरीको आधारमा इलाका प्रहरी कार्यालय दमकबाट प्रहरी टोली खटिएर खोजतलास गर्ने क्रममा बुधवार बिहान १० बजे दमक ६ स्थित पशुहाटबाट उनलाई पक्राउ गरिएको हो । उनको साथबाट ५६.३१० ग्राम सुनजस्तो देखिने पहेंलो धातु बरामद भएको छ । उनलाई पक्राउ गरी बिहीवार झापा जिल्ला अदालतबाट ठगी कसुरमा म्याद थपको लागि कानुनी प्रक्रिया प्रारम्भ गर्नुका साथै सो सम्बन्धमा थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए ।




# अख्तियारमा उजुरीको चाङ

• **लक्ष्मी उप्रेती**

मेचीनगर । गत आर्थिक वर्ष २०७९/०८० मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल काठमाण्डौं र आयोगका क्षेत्रीय कार्यालयहरुमा २० हजार ९ सय ५ वटा उजुरीहरु दर्ता भएका छन् । आयोगको ३३ औं वार्षिक प्रतिवेदन अनुसार आव २०७९/०८० मा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरीआएका ७ हजार १ सय ६२गरी कुल २८ हजार ६७ उजुरीहरु दर्ता रहेका छन् भने यस अवधिमा कुल उजुरीहरुध्ये १८ हजार ७ सय ९९ अर्थात ६६ दशमलव ९८ प्रतिशत उजुरीहरु फर्स्यौट भएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग सार्वजनिक पद धारण गरेका व्यक्तिहरुद्वारा गर्ने भ्रष्टाचारजन्य कसुरको अनुसन्धान गरी कारवाही प्रक्रिया अगाडी बढाउन स्थापित एक संवैधानिक निकाय हो ।
उजुरी प्रवृत्तिको विषयमा जानकारी गराउने, भ्रष्टाचार नियन्त्रणमा जनचेतना अभिवृद्धि गर्ने गराउने, भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिकाबारे जानकारी गराउनेलगायतका उद्धेश्यले झापाको मेचीनगर नगरपालिकामा मंगलबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीले आर्थिक वर्ष २०८०/०८१ को वार्षिक कार्यक्रमअन्तर्गत स्थानीय तहमा भ्रष्टाचार नियन्त्रण एवम् सुशासन प्रवर्द्धनसम्बन्धी एकदिने कार्यक्रम आयोजना गरेको थियो ।
यस कार्यालयमा अघिल्लो आर्थिक वर्ष २०७८/०७९ बाट जिम्मेवारी सरीआएको कुल ९ सय ७४ र आर्थिक वर्ष २०७९/०८० मा दर्ता भएका १ हजार ४ सय ३४ गरी कुल २ हजार ४ सय ८ वटा उजुरीहरु परेका थिए । कार्यालयसम्बन्धी तथ्याङ्क अनुसार उजुरीको क्षेत्रगत विवरण हेर्दा संघीय मामिला, शिक्षा, भूमिसुधार, वन, भौतिक र अन्य मन्त्रालय अन्तर्गतका रहेका छन् । कुल उजुरीमध्ये १ हजार ६ सय ६४ अर्थात ६९ दशमलव १३ प्रतिशत उजुरीहरु फर्स्यौट भएको कार्यालयका उपसचिव निरजकुमार देवले जानकारी दिए । उनले गरेको प्रस्तुतीकरणमा भ्रष्टाचारसम्बन्धी उजुरीको प्रवृत्तिमा बजेट तथा कार्यक्रम तर्जुमासम्बन्धी, सार्वजनिक खरिद र निर्माणसँग सम्बन्धित, उपभोक्ता समितिसँग सम्बन्धित, प्रशासनिक कार्यसम्बन्धी, तालिम र क्षमता विकाससम्बन्धी, नदीजन्य पदार्थ उत्खनन् तथा प्राकृतिक स्रोतको उपयोगसम्बन्धी, सार्वजनिक जग्गाको संरक्षण सम्बन्धी, शिक्षा, वनसम्बन्धी ,बिषय क्षेत्रगतसम्बन्धी, राजस्व चुहावट र अपचलनसम्बन्धी, सेवा प्रवाहसम्बन्धी, आर्थिक सहायता र राहतसम्बन्धी, एवम् स्रोत साधनको दुरुपयोगसम्बन्धी रहेका छन् ।
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीका कार्यालय प्रमुख सहसचिव सुरेश न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा विगत ५ वर्षको भ्रष्टाचार अनुभूति सूचकांकमा नेपाल १ सय ८ औं स्थानमा रहेको छ । विश्वका १ सय ८० वटा देशहरु सहभागी हुने गरेका छन् । १ सय अंकमध्ये ४० वा सोभन्दा कम अंक ल्याउने देशमा भ्रष्टाचारको अवस्था भयावह रहेको मानिन्छ । ५० अंक वा सोभन्दा माथि अंक ल्याउने मुलुकमा

❖ बाँकी अन्तिम पृष्ठमा

# कांग्रेस र एमाले सांसदबीच धकेलाधकेल



झापा(प्रस) । प्रमुख प्रतिपक्षी कांग्रेसको अवरोधकाबीच सभामुख देवराज घिमिरेले गृहमन्त्री रवि लामिछानेलाई बोल्ने समय दिएपछि कांग्रेस र एमाले सांसदबीच धकेलाधकेल भएको छ । सभामुख घिमिरेले गृहमन्त्री रवि लामिछानेले बोल्न समय दिएका थिए । त्यसपछि कांग्रेस र एमाले सांसदबीच धकेलाधकेलको अवस्था आएको हो । यो अवस्थाका कारण गृहमन्त्रीले बोल्न भने पाएनन् ।

सभामुख घिमिरेले राष्ट्रपति कार्यालयबाट विधेयक प्रमाणीकरण भएर आएको पत्र पढेर सुनाएका छन् ।पहिलो पत्र पढेर अर्को पत्रमा प्रवेश गर्न लागेपछि कांग्रेस सांसदहरूले चर्का नाराबाजी गरेपछि सभामुख घिमिरे रोकिए । कांग्रेसको विरोधकाबीच अघि बढ्न खोजेपछि राप्रपा र लोसपाले पनि उभिएर विरोध गरे । कांग्रेस सांसदहरुले जबर्जस्ती बन्द गर्न भन्दै पनि नाराबाजी गरेका छन् । उनीहरुले संसदीय मर्यादा कायम गर्न पनि माग गरेका छन् । सहकारी ठगलाई कार्बाही गर्न भन्दै कांग्रेस सांसदहरुले नाराबाजी गरे ।

सांसदहरुले केहीबेर नाराबजी गरेपछि सभामुख घिमिरेले राष्ट्रपतिले पठाएको वैशाख ३१ मा मन्त्री र राज्यमन्त्री नियुक्तिको पत्र पढेर कार्यसूची अघि बढाए । त्यसपछि उनले गृहमन्त्री लामिछानेलाई बोल्नका लागि समय दिए । त्यसपछि कांग्रेस सांसदहरुले लामिछानेलाई रोस्ट्रममा जानबाट रोके । त्यसपछि एमाले सांसदहरू पनि सिटबाट उठेर बाटो खुलाउन अघि सरे । एमाले संसदीय दलका नेता केपी शर्मा ओली नै बाटो खुलाउन अघि सरेपछि सांसदहरूबीच धकेलाधकेलको अवस्था आयो । त्यसपछि सभामुख घिमिरेले शुक्रबारसम्मका लागि प्रतिनिधि सभाको बैठक स्थगित गरेका छन्

यसैबीच नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले संसद्भित्र अप्रिय स्थितिको सिर्जना भएको भन्दै त्यसको जिम्मेवारी सभामुखले लिनुपर्ने बताएका छन् ।

प्रतिनिधिसभा बैठकपछि बिहीबार पत्रकार सम्मेलन गर्दै महामन्त्री थापाले संसद्भित्र अप्रिय स्थितिको सिर्जना भएको भन्दै सभामुखको कारण त्यस्तो स्थिति आएको बताएका हुन् । उनले सभामुखले सत्तारुढ दलका तीन पार्टीका अध्यक्षहरुसँग परामर्श गरेर उनीहरुको निर्देशनअनुरुप बैठकमा कांग्रेसलाई पेलेर अगाडि बढेको दाबी गरे ।

उनले संसद्मा जबर्जस्ती कार्यसूचि प्रवेश गराएर सभामुखले अप्रिय र अनपेक्षित स्थिति सिर्जना गरेको बताए ।

'प्रमुख प्रतिपक्ष दल वेलमा पुगेको र संसद्भित्रका अन्य सम्पूर्ण प्रतिपक्ष दलहरु उभिइरहेको अवस्थामा सभामुखले त्योभन्दा अगाडि सत्तापक्षको तीनवटा पार्टीका अध्यक्षहरुसँग परामर्श गरेर आएर जे-जति कुराहरु सदनभित्र गराउनका निम्ति निर्देशन दिइयो । हुबहु त्यसको पालना गरेको देखियो । कांग्रेसको अवरोधको बाबजुद पनि सदन अगाडि बढ्छ भन्ने हिजो एमालेको अध्यक्षले त्यसका बारेमा हुंकार गर्नुभएको र त्यसलाई पूरा गर्नका निम्ति सभामुखको पदको जिम्मेवारी पूरा भएको दृश्य आज हामीले सदनमा देख्यौं,' महामन्त्री थापाले भने, 'आज सदनभित्र जे अप्रिय स्थितिको सिर्जना भयो यसको मूल जिम्मेवारी सभामुखले लिनुपर्छ । किनकि सदनमा जर्बजस्ती विषय कार्यसूचीमा प्रवेश गराएर एक प्रकारको अप्रिय, अनपेक्षित स्थितिको सिर्जना गर्ने कामको मूल जिम्मेवारी सभामुखले लिनुपर्छ ।'

उनले सभामुखले आफ्नो निष्पक्ष भूमिका निर्वाह गर्न चुकेको बताए । उनले भने, 'आज सदनमा जे दृश्य देखियो । यो सन्दर्भमा सभामुखले सदनको सभामुखको जिम्मेवारीबाट जुन भूमिका निर्वाह गर्नुपर्ने हो । त्यो निर्वाह गर्न सर्वथा चुक्नुभएको भन्ने हाम्रो ठहर रहेको छ ।'

महामन्त्री थापाले एमाले अध्यक्ष केपी शर्मा ओलीले कांग्रेसका सांसदहरुलाई आफ्नो कार्यकर्ता ठानेको भन्दै कांग्रेसका सांसदहरुलाई त्यस्तो नगर्न चेतावनी दिए । उनले सभामुखले जबर्जस्त बैठक अगाडि बढाएपछि कांग्रेसका सांसदहरुले विरोध गरेको भन्दै एमाले अध्यक्ष ओलीले कांग्रेसका सांसदहरुलाई निर्देशन दिन खोजेको बताए ।

महामन्त्री थापाले संसदीय छानबिन समिति अनिवार्य सर्त भएको भन्दै समिति नबनेसम्म संसद्मा सरकारी काम, कारबाही अगाडि बढ्न नदिने बताए ।

## 'गिरीबन्धुको...

गरी गिरीबन्धुको ७० बिघा जग्गा कमिसन खाएर बेचेको दाबी गरेका हुन् । 'कांग्रेसले एमालेको सन्दर्भमा टिप्पणी गर्दा ख्याल गरोस्, जुन गिरीबन्धु टी-स्टेटको कुरा छ, नेपाली कांग्रेसले एक पटक ५१ बिघा, अर्को पटक १९ बिघा कमिसन खाएर सट्टापट्टा गर्ने नाममा बिक्री गरेको छ । त्यही टी-इस्टेट पछि अदालतले नियम र ऐन बनाएरमात्रै यस्ता कामहरू अगाडि बढाउनु भनेपछि अदालतको आदेशबमोजिम हामीले ऐन बनाएका हौं,' ओलीले भने, ' अब कांग्रेसले बकवास बोलिरहने र हामी चुप लागेर सुनिरहने होइन । कांग्रेसले गरेका बदमासीका विषयमा हामी कुरा उठाउँछौं ।'

गिरीबन्धुबारे सरकारको निर्णय खारेज गरिदिने संवैधानिक इजलासको पूर्ण पाठ लेख्ने न्यायाधीश ईश्वरप्रसाद खतिवडाले उकालो डटकमलाई अन्तर्वार्ता दिने क्रममा भनेका थिए, 'गिरीबन्धु हात्ती हो भने ललिता निवास छावा हो ।' उनको यही टिप्पणीमा प्रतिक्रिया दिँदै ओलीले भने, 'हामी सम्मानित अदालतको सम्मान गर्छौं । अदालतको फैसला मानेर कहिले जेलजीवन बिताएका छौं, अन्यायपूर्ण फैसला भोगेर कहिले विभिन्न मुद्दा भोगेका छौं, कहिले सरकारबाट हटेका छौं, तर पनि हामीले अदालतको सम्मान गरेका छौं । म आग्रह गर्छु, न्यायमूर्तिको कुर्सीमा बस्दा होस् वा अर्को काम गर्दा एकजना न्यायाधीशले रिटायर्ड भएपछि बालुवाटार (ललिता निवास) त छावा हो त्यहाँ (गिरीबन्धु) त हात्ती हो भन्नुभयो । त्यो हात्तीको दुईवटा छावा बिक्री गरेको बेलामा श्रीमान् कहाँ हुनुहुन्थ्यो ?'

भूमिसम्बन्धी ऐन २०२१ का आधारमा २०२९ को सरकारी निर्णयबाट गिरीबन्धुले हदबन्दी छुट पाएदेखि नै जग्गा अपचलन गर्न विभिन्न प्रपञ्च भएका देखिन्छन् अनुसन्धान भए धेरै पाटा खुल्ने देखिन्छ । तर, ओलीले उद्धृत गरेको ५१ रोपनी जग्गाको अपचलनको योजना स्वयम् एमालेकै सरकारका पाला २०५२ सालमा भएको पुष्टि भएको छ । त्यस्तै १९ रोपनी जग्गाको साटफेर २०३३ (पञ्चायतकाल) मा भएको अदालती दस्तावेजबाट देखिन्छ ।

नेपालमा भूमिसुधार ऐन लागू नहुँदै २०२० साउन ७ मा झापाका कृष्णकुमार गिरी, प्रेमकुमार गिरी र नन्दकिशोर (त्रिलोचन) गिरीले ५ सय बिघा क्षेत्रफलमा गिरीबन्धु टी-इस्टेट खोलेका थिए । पूर्व-पश्चिम राजमार्गको बिर्तामोड-चारआली सडक खण्ड वारपार विशाल क्षेत्रफलमा यो जग्गाको ठूलो हिस्सा अहिले पनि देखिन्छ । २०२१ मा जारी भएको भूमिसम्बन्धी ऐनले जग्गामा हदबन्दी लगाए पनि कृषि, उद्योग, शिक्षण वा स्वास्थ्य संस्थाको भोगचलनमा रहेको अवस्थामा भने यो हदबन्दीले नछुने व्यवस्था गरेको छ । यही आधारमा गिरीबन्धु चिया बगानले पनि २०२९ को सरकारी निर्णयअनुसार पाँच सय बिघासम्मको छुट पाएको थियो । तर, हदबन्दी छुट भएको जग्गा जुन प्रयोजनमा दर्ता भएको हो त्यही प्रयोजनमा रहेसम्म मात्रै उपभोग गर्न पाइने व्यवस्था छ । जग्गा खरिदबिक्री तथा सट्टापट्टासमेत गर्न नपाइने व्यवस्था ऐनमा थियो ।

तर, २०५२ जेठ ८ को मन्त्रिपरिषद् बैठकले भने गिरीबन्धुको ५१ बिघा जग्गा नाज टी-इस्टेटका नाममा हस्तान्तरण गर्न दिने अनुमति दिएको थियो । नाज टी-इस्टेटमा सेयर कायम हुने गरी लगानीको रूपमा गिरीबन्धुको जग्गा नामसारी गरेर दिइएको थियो । यो निर्णय हुँदा एमाले अध्यक्ष मनमोहन अधिकारीको नेतृत्वमा सरकार थियो भने माधव नेपाल उपप्रधानमन्त्री, केपी शर्मा ओली गृहमन्त्री र राधाकृष्ण मैनाली भूमिसुधार तथा कृषिमन्त्रीका रूपमा मन्त्रिपरिषद्मा थिए ।

तत्कालीन राजा ज्ञानेन्द्रले संविधानविपरीत आफैं सरकार बनाउने र ढाल्ने क्रममा २०६० मा सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाएका थिए । थापा नै प्रधानमन्त्री र भूमिसुधारमन्त्रीसमेत रहेका बेला २०६० असार १६ मा नाज टी-स्टेटको जग्गा बिक्री गर्न स्वीकृत प्रदान गरिएको थियो । यसरी गिरीबन्धुबाट नाज टी-इस्टेटमा गएको जग्गामा चिया फडानी गरेर घरहरू बनाइएको छ । तर सर्वोच्चको संवैधानिक इजलासले यो बिक्री वितरणलाई पनि गैरकानुनी ठहर गर्दै ५१ रोपनी जग्गा नै सरकारका नाममा ल्याउन आदेश जारी गरेको छ ।

५१ बिघा जग्गा बिक्री गर्न दिने सरकारको निर्णयविरुद्ध झापाको साविक अनारमनी गाविसका पूर्वउपाध्यक्ष लोकबन्धु कन्दङवा २०६४ मा सर्वोच्चमा गएका थिए । उनले जग्गा बिक्री तथा साटफेर गर्न नदिने भनी दाबी गरेकामा प्रतिवादी गिरीबन्धु टी-इस्टेटले यसअघि २०३३ मा नै १९ बिघा जग्गा साटफेर भएको दाबी सर्वोच्चमा पेस गरेको थियो । गिरीबन्धु टी-इस्टेटको दाबी थियो, 'गिरीबन्धु टी-इस्टेटलाई साविकमा जग्गा राख्ने स्वीकृति प्रदान हुँदा हक हस्तान्तरण वा सट्टापट्टा गर्दा स्वीकृति लिनुपर्ने सर्त नरहेकाले मिति २०३३ चैत ७ मा यस गिरीबन्धु टी-स्टेट प्रालिका १९-९-१० बिघा जग्गा चन्द्रमाया गिरीलाई हस्तान्तरण गरी सोही क्षेत्रफलबमोजिम सट्टापट्टा गरिलिएको छ ।'

त्यसअघि र पछि पनि विभिन्न चलखेल हुँदै आएकामा २०७५ तिर गिरीबन्धु टी-इस्टेटको पूरै जग्गा प्लटिङ गरेर अर्बौंमा बेच्ने योजना अघि बढेको हो । स्थानीय भक्तराज भारतीले २०७५ मा गिरीबन्धु टी-इस्टेटको जग्गा अपचलन रोक्न सर्वोच्चमा रिट हालेका थिए । सर्वोच्चका तत्कालीन न्यायाधीश मीरा खड्का र हरिकृष्ण कार्कीको संयुक्त इजलासले २०७५ फागुन ६ मा अन्तरिम आदेश दिँदै गिरीबन्धु टी-इस्टेटको जग्गा बिक्री गर्ने, सट्टापट्टा गर्ने, प्लटिङ गर्ने लगायतका काम नगर्न/नगराउन आदेशसमेत दिएको थियो । सर्वोच्चले अन्तरिम आदेश दिए पनि ओली सरकारले २०७६ माग २८ मा भूमिसम्बन्धी ऐन, २०२१ को आठौं संशोधनका लागि संसद्मा विधेयक प्रस्तुत गरेको थियो । 'हदबन्दीभित्रका जग्गामा रहेका कृषि फार्म, उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था अन्यत्र स्थानान्तरण गर्न र सट्टापट्टा गर्न सकिने व्यवस्था छ । जसका लागि सम्बन्धित कम्पनीबाट उचित र पर्याप्त कारणसहित निवेदन दिएको अवस्थामा मनासिब देखिए सट्टा वा स्थानान्तरणका लागि स्वीकृति दिन सकिने' प्रावधानसहित संसद्बाट कानुन संशोधन भएको हो ।


जग्गा हदबन्दी छुट दिनेबारेको ऐन आइसकेपछि गिरीबन्धु टी-इस्टेटसहितका कम्पनीको जग्गा साटफेर गर्न दिन मिल्ने गरी नियमावली बनाउन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव केदार न्यौपानेमाथि दबाब परेको थियो । तर दबाब अस्वीकार गरेपछि उनलाई जगेडा समूहमा लगियो । न्यौपानेको सट्टा टेकनारायण पाण्डेलाई ल्याइएको थियो । पाण्डेकै अन्तिम निर्णय र हस्ताक्षरमा हदबन्दी छुट दिनेसम्बन्धी आदेशको सूचना नेपाल राजपत्रमा प्रकाशित भएको थियो । तत्कालीन सचिव केदार न्यौपानेले जग्गा सट्टापट्टाको बाटो खोल्ने गरी नियमावली जारी गर्न अनेकथरी दलालले अनेकथरी प्रलोभन दिएको सुनाए । उनले भने, 'कट्ठाकै एक डेढ करोड पर्ने जग्गा हत्याएर त्यसको सट्टा कचनकबल गाउँपालिकाको सीमावर्ती क्षेत्रमा जोडिएको सबैभन्दा सस्तो जग्गा साट्ने कुरा पनि सुनाएका थिए । खासमा भन्दा साटिएको जग्गामा चिया खेती हुने नहुने कुनै कुरै थिएन ।' न्यौपानेले यस्तो निर्णय आफूले गर्न नसक्ने बताएपछि तत्कालीन सरकारले आफूलाई सात महिना पनि नहुँदै सरुवा गरेको बताए ।

ओली सरकारको २०७८ वैशाख १३ मा बसेको मन्त्रिपरिषद् बैठकले 'गिरीबन्धु चिया बगानको जग्गा सट्टापट्टा वा स्थानान्तरणका लागि अनुमति दिने,' निर्णय गरेको थियो । तर अधिवक्ता ओमप्रकाश अर्यालले सर्वोच्चमा रिट दिएपछि अन्तरिम आदेश जारी भएको थियो । अन्तरिम आदेश जारी भएर सर्वोच्चमा मुद्दा विचाराधीन रहेकै अवस्थामा पनि जग्गा खरिदबिक्रीका लागि बैना लेनदेन भइरहेको थियो ।

पूर्व-पश्चिम राजमार्गको बिर्तामोड-चारआली खण्ड वारपार देखिने गिरीबन्धु टी-इस्टेटमा हदबन्दीको प्रबन्ध खुला गर्दै जग्गा सट्टाभर्ना र बिक्री वितरण गरिने भनेर प्रारम्भिक सूचना सार्वजनिक हुनासाथै ५० करोड बराबरको जग्गा बिक्री-बैना भइसकेको दाबी सरोकारवालाहरूले गरेका छन् ।

# माईखोलामा बगाएर ल्याउँदै गरेको काठ बरामद

झापा(प्रस)। इलामबाट चोरी तस्करी गरी माईखोलामा बगाएर ल्याउँदै गरेको काठ शिवसताक्षीको दोमुखामा बरामद भएको छ । बिहीवार बिहान अन्दाजी २.३० बजेको समयमा शिवसताक्षी नगरपालिका वडा नम्बर १० दोमुखास्थित माई खोलामा इलामबाट काठ चोरी तस्करी गरी ल्याइरहेको भन्ने खबर प्राप्त हुनसाथ इलाका प्रहरी कार्यालय झिलझिले , चुलाचुली सब डिभिजन वन कार्यालय ईलाम र माई सुखानी सब डिभिजन वन कार्यालय ईलामबाट खटिएका वनरक्षक तथा गैंडे सामुदायिक वन उपभोक्ता समिति माईधारको संयुक्त टोलीले अन्दाजी ६० हजार मूल्य बराबरको सखुवा जातको २०.२२ क्युबिक फिट फेन्टा बरामद गरेको थियो । तस्करहरुले काठ चोरी गरी गरी ल्याउँदै गरेको थाहा पाएपछि इलाका प्रहरी कार्यालय झिलझिलेबाट प्रहरी टोली खटिएको थियो । तस्करहरुले प्रहरीमाथि ढुंगा र गुलेलीले आक्रमण गरेको र पछि थप सुरक्षाकर्मी लगेर काठ नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय झिलझिलेकाप्रहरी निरीक्षक अनिश बुढाथोकीले बताए ।



बरामद गरिएको काठ गैंडे सामुदायिक बन माईधारमा बुझाईएको छ ।

यसअघि गत बैशाख १५ गते माईखोलामा त्यसरी नै बगाएर ल्याउँदै गरेको चोरीको काठ प्रहरीले बरामद गरेको थियो । ट्यूबमाथि काठ राखेर माईखोलाको पानीमा बगाउँदै इलामबाट काठ चोरी गरी झापातर्फ ल्याउने क्रम बढेको छ ।

## अख्तियारमा...

भ्रष्टाचार नियन्त्रणमा रही सुशासन प्रवर्द्धन हुँदैं गएको मानिन्छ । निजी वा व्यक्तिगत फाइदाका लागि सार्वजनिक सम्पति, स्रोत पद र अख्तियारको दुरुपयोग गर्नु भ्रष्टाचार र सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गर्नु अख्तियारको दुरुपयोग भन्ने बुझ्नुपर्ने कार्यालयका उपसचिव देवले जानकारी दिए । कार्यालय प्रमुख सहसचिव न्यौपानेले भ्रष्टाचारले सरकारी सम्पतिको हानी नोक्सानी गर्ने, नागरिकलाई आफ्नो अधिकारको प्रयोगबाट बञ्चित गराउने, समाज र देशको विकासमा बाधा पुर्‍याउने तथा समाजमा अपराध र कुसंस्कृति फैलाउने बताए । उनले गुणस्तरीय जीवन, विविधको शासन र दिगो विकासका लागि पनि भ्रष्टाचार नियन्त्रणको आवश्यकता औल्याए । आयोगलाई निश्चित प्रक्रिया र पद्धतिमा सञ्चालनका लागि कानूनी व्यवस्थाहरु रहेको कार्यालय प्रमुख सहसचिव न्यौपानेले बताए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भ्रष्टाचारविरुद्धको रणनीतिलगायतका बारेमा उनले जानकारी दिएका थिए । लिखित निवेदन, ईमेल, वेबसाईट, हुलाक सेवा, टेलिफोन, समाचारपत्र , भाईवर, फेसबुक, एसएमएस, अन्य स्रोतबाट उजुरी गर्न सकिने छ । सवैभन्दा बढी लिखित उजुरी पर्ने गरेका छन् । आर्थिक वर्ष २०७९/०८० मा कुल उजुरीमध्ये ६ हजार ७ सय ५१ वा ३२ दशमलव २९ प्रतिशत लिखित उजुरी परेका थिए ।

# भेट्रान्स फुटबलमा पूर्वेली युवा क्लबको फराकिलो जित

बिर्तामोड(प्रस)। बिकर्ण श्रेष्ठको चार गोलको मद्धतमा फराकिलो जित निकाल्दै आयोजक रातो स्वर्गीय दुर्गादेवी श्रेष्ठ स्मृति भेट्रान्स फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । बिर्तामोडको डोमालाल राजवंशी रंगशालामा बिहीवार भएको अन्तिम क्वार्टर फाइनल खेलमा आयोजकले पाहुना टोली इलामको एमसीसी भेट्रान्स फुटबल क्लबमाथि गोल वर्षा गरेको थियो । इलामलाई ६-० को फराकिलो गोल अन्तरले पराजित गर्दै आयोजक पूर्वेली युवा क्लब रातो अन्तिम चारमा



प्रवेश गरेको हो । बिकर्णले खेलको १० औं, २२ औं, २६ औं र ४० औं मिनेटमा गोल गरे । त्यस्तै, खेलको ३० औं मिनेटमा विशाल राई ए र ३४ औं मिनेटमा रमेश गुरुङले एक-एक गोल गरे । प्रतियोगिताको प्लेयर अफ द म्याच ४ गोलकर्ता बिकर्ण श्रेष्ठ भए । उनले नगद २५०० र ट्रफी पाए । शुक्रवारको पहिलो सेमिफाइनल खेल आयोजक निलो र चन्द्रगढी भेट्रान्स एफसीबीच हुनेछ ।

त्यस्तै, विराट मेगा भेट्रान्सले फाइनल प्रवेशका लागि शनिवार आयोजक रातोको सामना गर्नेछ ।कोशी प्रदेशका आठवटा टिमको सहभागिता रहेको प्रतियोगिताको फाइनल खेल जेठ ७ गते हुने आयोजक पूर्वेली युवा क्लबका कार्यवाहक अध्यक्ष दिपेन चौधरीले बताए । प्रतियोगिताको विजेताले नगद १ लाख १ हजार १११ रुपैयाँ, ट्रफी र मेडल पाउनेछ भने उपविजेताले नगद ५५ हजार ५५५ रुपैयाँ पाउने चौधरीले बताए । त्यस्तै, प्रत्येक खेलको प्लेयर अफ द म्याचले नगद २५०० र ट्रफी पाउने छन् । प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीलाई नगद १० हजार र ट्रफी प्रदान गरिनेछ । प्रतियोगिताका उत्कृष्ट गोलकिप्पर, डिफेन्डर, मिडफिल्डर, फरवार्ड, उच्च गोलकर्ता र प्रशिक्षकले नगद पाँच हजार र ट्रफी प्राप्त गर्ने संयोजक टेकराज तिलिङ्ले बताए ।

**हात्तीपाइले रोग विरुद्धको औषधी खुवाउने बारे**
**बिर्तामोड नगरपालिकाको अत्यन्त जरुरी सूचना**

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०८१ साल वैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरुद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सेवन गराइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान २०८१ वैशाख २५ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधी आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

**हात्तीपाइले रोगका लक्षणहरू**



- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरुषको अण्डकोष वरपर नसाहरू फुल्ने
- पुरुषमा अण्डकोष ठुलो भई हाइड्रोसिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरूबाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

**बिर्तामोड नगरपालिका**
स्वास्थ्य शाखा
झापा, कोशी प्रदेश, नेपाल

**पृथ्वी सबैको साझा घर हो ।**
**वन्यजन्तु तथा मानवको सहअस्तित्वमा जोड दिऔं ।**
**मानव हात्ती द्धन्दको अन्त्य गरौं ।**

हात्तीबाट सुरक्षित रहन ध्यान दिनु पर्ने कुराहरुः

- हात्ती आएको थाहा पाउने वित्तिकै जतिसक्दो छिटो सुरक्षित स्थानमा जाने, हात्तीबाट टाढै रहने ।
- हात्ती देख्नासाथ हो-हल्ला नगर्ने, आगोले नहान्ने, पटका नपड्काउने ।
- खेतीबाली, अन्न र घर सम्पत्ती भन्दा पहिला मानिस सुरक्षित रहने ।
- हात्ती धपाउदा सामूहिक प्रयास तथा सुरक्षित दुरीको पालना गर्ने ।
- मदिरा जन्य पद्धार्थ, नुन, अन्न मानिस सुत्ने ठाउँ नजिक नराख्ने । साथै मदिराजन्य पद्धार्थको सेवन गरी रातको समयमा हिडडुल नगर्ने ।
- घर वरीपरी विजुली बत्ती बाल्ने वा शक्तिशाली टर्चको प्रयोग गर्ने ।
- विहान तथा साँझको मधुरो प्रकाश भएको वेला वा रातीको अध्यारोमा सकभर हिडडुल नगर्ने ।
- बच्चासँग भएको हात्ती र माद चढेको हात्ती बढी आक्रमक हुने भएकाले संयमता अपनाउने ।
- गाउँ बस्तीबाट हात्तीलाई भगाउनु परेमा हात्ती जाने बाटो छोड्ने, चारै तिरबाट घेरा नहाल्ने ।

**याद राखौं, जंगली हात्ती नियन्त्रणको लागि विघुतिय धराप थाप्नु दण्डनिय अपराध हो ।**

**थप जानकारीको लागिः**
डिभिजन वन कार्यालय, झापाको फोन नं. ०२३-४५२०५३
रातीको समयमा वन क्षेत्रको बाटो हिड्दा विशेष सतर्कता अपनाउनुहोस ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# नीति तथा कार्यक्रमप्रतिको आशा

नीति तथा कार्यक्रम बजेटको मार्गचित्र हो। बजेट कस्तो आउनेछ र सरकारले केलाई प्राथमिकता दिनेछ भन्ने नीति तथा कार्यक्रमबाट प्रस्ट हुन्छ। त्यसैमा आधारित रहेर बजेट ल्याउने संसदीय लोकतन्त्रको विशेषता हो।

तर नेपालमा यो फगत परम्पराको एउटा बिँडोमात्रै हुँदै आएको पनि सत्य हो। मंगलबार राष्ट्रपति रामचन्द्र पौडेलले संसद्को दुवै सदनलाई सरकारको नीति तथा कार्यक्रम सुनाए। थोरै नयाँ र आशा पनि जगाउने गरी यसपालिको नीति तथा कार्यक्रम आएको छ। सरकारको प्रस्ट नीति छ–कृषिलाई प्राथमिकता र कृषिमा लगानीको दशक घोषणा। आउँदो आर्थिक वर्षको बजेट ल्याउँदा सरकारले सबैभन्दा प्राथमिकताका साथ सम्बोधन गर्नुपर्ने भनेको अर्थतन्त्रको समस्या हो। मन्दी छाएको अर्थतन्त्र उकास्न नसके सरकारका कुनै पनि लक्ष्य पूरा हुँदैनन्, समृद्धि हासिल हुनु त परै हुन्छ। सरकारले कृषि, ऊर्जा,

पर्यटन, उत्पादन र रोजगारीलगायतलाई प्राथमिकतामा राखेको छ भने जसरी नै प्राथमिकताका साथ नीति कार्यान्वयन हुनुपर्छ। अनुभवले शंका जन्माउँछ। पहिलापहिलाकै नीतिहरूको जेरोक्स कपीका रूपमा दोहोरिने नीतिबाट केही मुक्त हुनु यसपालिकाको नीति तथा कार्यक्रमको विशेषता हो। तर गरिएका घोषणालाई बजेट कति पर्छ र कसरी कार्यान्वयन हुन्छ भन्ने नै मुख्य चुनौती हो।

संघीयताकै सग्लो कार्यान्वयन भइसकेको छैन। संविधान कार्यान्वयनमा अझै नीतिगत अल्झन छन्। सरकारले संघीयताको सबलीकरण भनेको छ। तिनै नीतिगत अल्झन हटाउने र आवश्यक कानुन तर्जुमा गर्ने सरकारको प्राथमिकता हुनुपर्छ। अर्थतन्त्रको सुधार र पुनरुत्थान गर्न आवश्यक भनेको उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, सुशासन, सार्वजनिक सेवा प्रवाहमा सुधार र भ्रष्टाचार नियन्त्रण हो। त्यति हुँदा नै बजार उकासिने विश्वास गर्न सकिन्छ। नागरिक मनोबल उचो पार्ने गरी अर्थात् जनताले महसुस गर्ने गरी जुन परिवर्तन आवश्यक छ, त्यसैको प्रतीक्षा अहिले गरिएको छ।

सरकारले खास महत्वाकांक्षा नराखी धरातलीय यथार्थसँग जोडिन प्रयास गर्नु पनि नीति तथा कार्यक्रमको विशेषता हो। फेरि पनि यसको कार्यान्वयनका खातिर आवश्यक बजेट विनियोजन हुन सक्नुपर्छ। होइन भने काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर नै हुन्छ र देशले सुख पाउँदैन।

# युद्ध लम्बिँदाको पीडा र क्षति



• रामप्रसाद आचार्य

बेलायतले रुसविरुद्ध आफ्ना हतियार प्रयोग गर्न युक्रेनलाई अनुमति दिएको छ । बेलायतका विदेशमन्त्री डेभिड क्यामरुन युक्रेनको राजधानी किभ पुगेर हतियार प्रयोग गर्ने अनुमति दिनुभएको हो । युक्रेनका राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीलाई आश्वासन दिँदै क्यामरुनले भन्नुभयो, "युक्रेनलाई रुसमा आक्रमण गर्ने अधिकार छ, बेलायती हतियार प्रयोग गरे हुन्छ । बेलायतले क्रेनलाई आवश्यक परेसम्म हरेक वर्ष तीन अर्ब युरो सहयोग गर्ने छ ।"

बेलायतका विदेशमन्त्रीको यो भनाइप्रति रुसले भने कडा आपत्ति जनाएको छ । यो सिधै युक्रेन वरपर तनाव बढाउनु हो र यसले युरोपकै सुरक्षालाई खतरामा पार्न सक्छ भन्दै रुसले आफ्नो कूटनीतिक सीमा बाहिर नजान बेलायतलाई चेतावनी दिएको छ ।

उता अमेरिकाले पनि युक्रेनलाई ६१ अर्ब डलरको सैन्य सहायता दिने भएको छ । अमेरिकी संसद्ले हालै ६१ अर्ब डलर बराबरको सैन्य सहायता दिने प्रस्ताव पारित गरेको हो । यो प्रस्ताव पारित गरेसँगै अमेरिकाले युक्रेनमा हतियारसहितको सैन्य सहायता पठाउन सुरु गरेको छ । अमेरिकाका विदेशमन्त्री एन्टोनी ब्लिन्केन हतियारसहितको सैन्य सामग्री लिएर युक्रेन पुग्नु भएको छ ।

विगत दुई वर्षदेखि जारी रुस-युक्रेन युद्धमा पराजयको डिलमा पुगेको युक्रेनलाई अमेरिका, बेलायतलगायतका सहयोगी देशको हतियार तथा आर्थिक सहयोगले केही राहत पुगेको छ । अमेरिकाले गोप्य रूपमा लामो दुरीसम्म मार हान्न सक्ने क्षेप्यास्त्र युक्रेनलाई दिइसकेको छ भने प्याट्रियट क्षेप्यास्त्र पनि पठाउँदै छ । रुसले यो युद्ध जिते युक्रेनलाई आफूमा विलय गराउन सक्ने र सारा युरोपको सुरक्षा खतरामा पर्ने भन्दै पश्चिमा मुलुक चिन्तित छन् । रुसभित्र लोकप्रिय र निर्विकल्प नेता बन्नुभएका राष्ट्रपति भ्लादिमिर पुटिनलाई यो युद्धमा हराउन सकिएन भने विश्व शक्ति सन्तुलन नै बिग्रिने डरले अमेरिका, बेलायत, युरोपेली सङ्घ, क्यानडा, जापान, अस्ट्रेलियालगायतका मुलुकले जसरी पनि रुसलाई हराएर युक्रेनलाई जिताउन लागि परेका छन्, जसले गर्दा यो युद्ध तत्काल अन्त्य हुने सम्भावना कम हुँदै गएको छ ।

पश्चिमा मुलुकले रुसमाथि थप प्रतिबन्ध लगाएर दबाब बढाएसँगै रुस र चीनबिचको निकटता झन् बढेको छ । रुसका राष्ट्रपति पुटिनले आज र भोलि ( बिहीबार र शुक्रबार) चीनको भ्रमण गर्दै हुनुहुन्छ । यो भ्रमणलाई निकै महत्वका साथ हेरिएको छ ।

रुस-युक्रेन युद्धले विश्व अर्थतन्त्र नै प्रभावित भएको छ । यही युद्धले एकातिर महँगी र बेरोजगारी बढाएको छ भने अर्कातिर बहुदेशीय युद्ध हुने खतराको सङ्केत गरेको छ । क्षेत्रीय शान्ति र सुरक्षा खलबलिएको छ । रुसलाई कमजोर बनाउन अमेरिका र उसका साझेदार मुलुक खुलेरै लागेका छन् । रुसका राष्ट्रपति पुटिनप्रति भने रुसी जनताको पूर्ण सहयोग र समर्थन छ। जसले गर्दा रुस लामो समयसम्म युद्धलाई जारी राख्न सक्छ । युक्रेनका सहयोगी मुलुक जसरी पनि रुसलाई हराउने पक्षमा लागे भने बाध्य भई रुसले युक्रेनविरुद्ध परमाणु हतियार प्रयोग गर्न सक्ने अवस्था आउन सक्छ । त्यो अवस्था आउन नदिन रुस र युक्रेनबिच युद्धविराम गराएर युद्ध अन्त्य गर्न विश्वस्तरबाट सक्रारात्मक प्रयास गर्न ढिला गर्नु हुँदैन । दुर्भाग्य के भइदियो भने आफ्ना हतियार बेच्न सैन्य सहायताका नाममा पश्चिमा मुलुकले युक्रेनलाई उचाल्ने काम गरेका छन् । यसले समस्या झन् बल्झाउने गरेको छ ।

युक्रेनलाई सहयोग गर्ने नाममा अमेरिका, बेलायत, युरोपेली सङ्घ, अस्ट्रेलिया, क्यानडा र जापानले रुसमाथि १६ हजारभन्दा धेरै प्रतिबन्धलाई अरू कडा बनाएका छन् । रुसको ३५० अर्ब डलर मूल्य बराबरको विदेशी मुद्राको सञ्चितिलाई रोक्का गरिएको छ ।

अमेरिकाका राष्ट्रपति जोए बाइडेनले हालै रुसमाथि पाँच सय नयाँ प्रतिबन्धको घोषणा गर्नुभएको छ । उहाँले करिब सय कम्पनी र व्यक्तिमाथि निर्यात प्रतिबन्ध लगाउनुभएको छ । यसको उद्देश्य अमेरिकाले रुसको युद्ध सामग्रीलाई निशाना बनाउने हो । अमेरिका र बेलायतले रुसी तेल र प्राकृतिक ग्यासमाथि रोक लगाएका छन् । युरोपेली सङ्घले सामुद्रिक मार्गबाट हुने रुसी तेलको आयातलाई रोकिदिएको छ । जी-सेभेनले रुसको आम्दानीलाई घटाउने प्रयत्नस्वरूप रुसी कच्चा तेलको अधिकतम मूल्य प्रतिब्यारेल ६० अमेरिकी डलर तोकेको छ । बेलायतले रुसको धातु, हिरा र ऊर्जा निर्यातमा पनि नयाँ प्रतिबन्ध लगाएको छ । युरोपेली सङ्घले पनि रुसका दुई सय संस्था तथा व्यक्तिमाथि प्रतिबन्ध लगाएको छ ।

रुसको अर्थतन्त्रलाई कमजोर बनाउने उद्देश्यले यस्ता प्रतिबन्ध लगाइएको भए पनि रुसको अर्थतन्त्र सोचे जस्तो कमजोर भएको छैन । रुसले चीनबाट हतियारसम्बन्धी सामग्रीको प्रबन्ध गरिराखेको छ, जसले गर्दा रुसी अर्थतन्त्र निरन्तर उँभो लागेको छ । रुसका राष्ट्रपति पुटिनले युरोपेली प्रतिबन्धले रुसलाई कुनै हानि नगरेको दाबी गर्दै भन्नुभएको छ, "हाम्रो अर्थतन्त्रमा विकास भइराखेको छ, उनीहरूकोमा गिरावट आएको छ ।" रुस जी-सेभेनले तोकेभन्दा अधिक मूल्यमा अन्य देशलाई तेल बेच्न सफल भएको छ। भारत र चीनमा आपूर्ति बढाएर रुसले अझै पनि दैनिक ८३ लाख ब्यारेल तेल निर्यात गरिरहेको छ । रुसले जर्जिया, बेलारुस र काजकिस्तान जस्ता देशहरूमार्फत प्रतिबन्धित पश्चिमा सामानहरू आयात गर्न पनि सक्षम छ ।

अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार युद्धको पहिलो वर्ष सन् २०२२ मा रुसको अर्थतन्त्र २.१ प्रतिशतले खुम्चिएको थियो । सन् २०२३ मा २.२ प्रतिशतले वृद्धि भयो भने सन् २०२४ मा ३.२ प्रतिशतको वृद्धि हुने अनुमान छ ।

युक्रेनसँगको युद्धले मुलुकभित्र राष्ट्रपति पुटिनको लोकप्रियता झन् बढेर गएको छ । गत मार्च १६ मा भएको राष्ट्रपतीय निर्वाचनमा उहाँले ८७ प्रतिशत मत ल्याएर पाँचौँ कार्यकालका लागि निर्वाचित हुनुभयो । यसले उहाँको शक्ति झन् बढेको छ । यो चुनावको सफलताले उहाँलाई सन् २०३० सम्म सत्ता चलाउन वैधानिकता प्रदान गरेको छ ।

पुटिनले सन् २०२१ मा थप दुई कार्यकाल राष्ट्रपति बन्न बाटो खुला गर्ने गरी संविधानमा संशोधन गरी आफू सत्तामा रहिरहन मार्गप्रसस्त गर्नुभएको थियो । यस पटकको चुनावलाई युक्रेनमाथि आक्रमण गर्ने पुटिनको निर्णयप्रतिको जनमत सङ्ग्रहका रूपमा पनि हेरिएको थियो । यो चुनावमा रुसले कब्जा गरेका युक्रेनी भूभाग दोनेत्स्क, लुहान्स्क, जापोरिजा र खेर्सनका बासिन्दाले समेत पुटिनका लागि मतदान गरे । यस चुनावले पुटिन झन् शक्तिशाली बनेकोमा अमेरिका लगायतका पश्चिमा मुलुकका लागि थप दुखाइको विषय बनेको छ । खास गरी उत्तर एटलान्टिक सन्धि सङ्गठन (नेटो) मा आबद्ध देशका लागि पुटिन थप आक्रामक र निर्दयी हुने विश्लेषण गरिएको छ ।

युक्रेनसँगको युद्धसँगै रुसी अर्थतन्त्र समस्याग्रस्त हुने र त्यसको प्रत्यक्ष असर राष्ट्रपति पुटिनमाथि पर्ने अमेरिकालगायतका पश्चिमा देशहरूको अनुमान सत्य साबित भएन । युद्धका बिचमा पनि रुसले राष्ट्रपतीय निर्वाचन गरायो तर युक्रेनले चुनाव गराउन सकेन । गएको मार्च ३१ म त्यहाँ राष्ट्रपतीय चुनाव हुनुपर्ने संवैधानिक व्यवस्था भए पनि चुनाव भएन । सन् २०२२ को फेब्रुवरी २४ मा रुसले आक्रमण सुरु गरेसँगै युक्रेनमा सैनिक कानुन लागु गरिएको छ। जेलेन्स्कीका कारण युद्धमा १८ प्रतिशत भूभाग गुमाएको र युद्ध जित्ने सम्भावना नदेखिएकाले युक्रेनीहरू राष्ट्रपति जेलेन्स्कीप्रति रुष्ट छन् । उनीहरूले उहाँको विकल्प खोजिरहेका छन् । चुनाव हारिने डरले जेलेन्स्की तत्काल चुनाव गराउने पक्षमा हुनुहुन्न ।

युक्रेनको तुलनामा रुस निकै शक्तिशाली छ । परमाणु हतियारले सम्पन्न शक्तिशाली रुससँग युक्रेन लामो समयसम्म युद्ध गर्न सक्ने अवस्थामा थिएन । पश्चिमा मुलुकले हतियार र आर्थिक सहयोग दिइरहेकाले अहिलेसम्म युद्ध लम्बिएको हो र लम्बिँदै छ । युक्रेनले इयु र नेटोको सदस्यता लिने तयारी गरेपछि रुष्ट भएको रुसले आफ्नो सुरक्षा खतरामा पर्ने भएकाले दुवै सदस्यताबाट रोक्न युक्रेनमाथि आक्रमण गरेको हो । सुरुमा यो कारबाही धेरै दिन नचल्ने र छिटै टुङ्गिने अपेक्षा गरिएको थियो । पश्चिमा मुलुकहरूको आर्थिक तथा हतियार सहयोगले युक्रेन अहिलेसम्म युद्धमा टिक्न सकेको हो । यो स्थितिमा युद्ध लम्बिनु भनेको युक्रेनलाई पूर्ण रूपले तहसनहस बनाउनु मात्र हो । युद्ध लम्बिँदै जाँदा पश्चिमा मुलुकको हतियार त बिक्री हुन्छ । यसले समस्याको निकास भने दिँदैन बरु यसले थप अविश्वास पैदा गराउँछ ।

युक्रेन रुससँग टाढिएर युरोपतिर ढल्किन खोज्दा अहिलेको दुर्गति भोग्नु परेको हो । अभिनेताबाट राजनीतिमा आउनुभएका राष्ट्रपति जेलेन्स्की नेटो र इयुतिर आकर्षित हुनु नै अहिले समस्याको मूल कारण हो । यो उहाँको राजनीतिक र कूटनीतिक कच्चापनले युक्रेन इतिहासकै सबभन्दा अप्ठेरो अवस्थामा आइपुगेको छ। दुई असल छिमेकी भएर बस्ने वातावरण नबनाएकै कारण यो सङ्कट आएको हो । जेलेन्स्कीको कमजोरीले नै पुटिन युद्धद्वारा निकास खोज्ने अवस्थामा पुग्नुभयो । भूराजनीतिक धरातल बिर्सिँदा युक्रेनवासीले इतिहासमै नभएको युद्धको पीडा र त्रास भोग्नु परेको छ ।

वास्तविकता त के हो भने सोभियत सङ्घको विघटनपछि लगभग टाट पल्टिन लागेको रुस पुटिन नेतृत्वले पुनः शक्तिशाली बन्यो । पुटिन रुसको आवश्यकताले जन्माएको नेता हो । यसैले रुसमा उहाँको प्रभाव राम्रो छ । रुसलाई पुनः शक्तिशाली बनाउन पुटिनको योगदान महवपूर्ण रहेको सन्दर्भमा उहाँले युद्धको होइन शान्तिको बाटो समाएर युक्रेनसँगको विवाद शान्तिपूर्ण समाधान गर्नुपर्थ्यो । युक्रेनलाई मनाउन नसक्नु पुटिनको पनि कमजोरी हो तैपनि युद्धमा होमिएको अहिलेको अवस्थामा युद्धबाट छिनोफानो गर्ने उहाँको सोचलाई जेलेन्स्कीकै कच्चापनले थप मलजल गरेको छ । रुस आफ्नो सीमा सुरक्षा र प्रभाव क्षेत्रप्रति निकै संवेदनशील छ । युक्रेनले आफ्ना रुस समर्थित राष्ट्रपतिलाई सन् २०१४ मा अपदस्थ गरेलगत्तै युक्रेनको दक्षिणी क्रिमिया प्रायद्वीपलाई रुसले गाभेको थियो । रुस आफ्नो सीमा र प्रभाव क्षेत्र कमजोर बनाउने पक्षमा छैन । रुसलाई घेराबन्दी गर्ने र कमजोर बनाउने पश्चिमा मुलुकको तयारीलाई चुनौती दिन पनि युक्रेनलाई आफ्नो प्रभावबाट बाहिर जान नदिन सैन्य कारबाहीको विकल्प नदेख्नु भएका पुटिनको यो कदमले उत्तरी युरोपमा लामो समयदेखि अनुभव गरिएको स्थायित्व अन्त्य भएको छ । रुससँगको डरले पछिल्लो पटक फिनल्यान्ड नेटोमा आबद्ध भएको हो । फिनल्यान्ड नेटोमा आबद्ध भएपछि रुस झन् गम्भीर बनेको छ । युक्रेनलाई हराएरै छाड्ने पुटिनको अडान र युक्रेनलाई जिताएरै पुटिनको मेख मार्ने पश्चिमा मुलुकको सोचले समस्यालाई झन् जटिल बनाएको छ । यो युद्धको तत्काल छिनोफानो भएन भने यसले क्षेत्रीय युद्धको रूप लिने खतरा बढ्ने छ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# अर्थतन्त्रको सबलीकरण



• कृष्णमणि पराजुली

नेपालको अर्थतन्त्र मूलतः सरकारी र निजी क्षेत्रको संरचनाबाट निर्माण भएको छ । सरकारी क्षेत्रभन्दा निजी क्षेत्रको हिस्सा बढिरहेको छ । जसमा निजी क्षेत्रको योगदान ८० प्रतिशतभन्दा बढी छ भने सरकारी क्षेत्रको २० प्रतिशत मात्र । यस्तो अवस्थामा निजी क्षेत्रमा सुधार नगरी समग्र देशको अर्थतन्त्रमा सुधार आउन सक्ने देखिँदैन । सन् २०१९ को कोभिडले आक्रान्त बनाएको विश्व अर्थतन्त्र अहिलेसम्म पनि तंग्रिन नसकेको अवस्थामा नेपाल जस्तो परनिर्भर अर्थतन्त्र भएको देशको अर्थतन्त्रमा धक्का पुग्नु स्वाभाविकै हो ।

उत्पादन, वितरण र उपभोगमा सुधार आउन सक्यो भने मात्र अर्थतन्त्र बलियो हुने हो । अहिले अर्थतन्त्रका यी अवयव समस्याग्रस्त भएका छन् । देशमा सञ्चालन भएका उद्योगधन्दा, कलकारखानाले गति लिन सकिरहेका छैनन् । सञ्चालनमा आएका उद्योग पनि पूर्ण क्षमतामा सञ्चालनमा आउन सकेका छैनन् । नयाँ उद्योगलाई प्रवेश गराउनुभन्दा पनि पुरानैलाई लयमा फर्काउन नसकिएको अवस्था हो । अर्थतन्त्रमा चौतर्फी दबाब भएको देखिन्छ । अर्थतन्त्रको मेरुदण्ड भनेको नै उच्च आर्थिक वृद्धि हो । अर्थतन्त्रका अवयव सनै सनै खस्कँदै गएकाले सुधारको आवश्यकता बढ्दै गएको छ ।

आर्थिक वर्ष २०८०/८१ मा आर्थिक वृद्धि ६ प्रतिशत राखिएको थियो । यो लक्ष्य प्राप्त हुने सम्भावना देखिँदैन । हालै अन्तर्राष्ट्रिय मुद्रा कोषले प्रक्षेपण गरे अनुसार ३.१ प्रतिशत मात्र रहेको छ । अहिलेको अवस्थामा यही प्रतिशत हासिल गर्न पनि मुस्किल देखिन्छ । यसअघि नेपालको आर्थिक वृद्धि ५.१ प्रतिशत हुने अनुमान गरिएकोमा अहिले ३.१ प्रतिशतमा झर्ने अनुमान छ । नेपालको अर्थतन्त्र यति कमजोर हुने अनुमान गरिएको छ कि विश्वको आर्थिक वृद्धि ३.२ प्रतिशत गरिएको छ भने त्योभन्दा पनि कम नेपालको ३.१ प्रतिशत गरिएको छ । यसले पनि नेपालको अर्थतन्त्रको यथार्थ अवस्था देखाउँछ ।

अर्थतन्त्र खस्कँदै जानुमा केही हदसम्म अन्तर्राष्ट्रिय प्रभाव परेको भए पनि मुख्य कारण भनेको आन्तरिक नै हुन् । अहिले नेपालको अर्थतन्त्र कमजोर हुनुमा बाह्य कारणलाई आक्षेप लगाउनुभन्दा आन्तरिक समस्यामा नै रुमलिएको अवस्था हो । अर्थतन्त्र प्रभावकारी बनाउन देशको राजनीति स्थिर हुनु पर्छ । किनभने राजनीतिले नै विभिन्न नीतिलाई निर्देश गर्ने हो । नीति निर्माण गर्नेदेखि कार्यान्वयन गर्ने तहसम्म नै अस्थिर राजनीतिको प्रभाव पर्ने हुंदा आर्थिक नीति पनि निस्प्रभावित भएका हुँदा रहेछन् । सरकार चाँडो चाँडो परिवर्तन भइरहँदा त्यसको असर देशको अर्थनीतिमा परेको हुनाले पनि अर्थतन्त्र प्रभावकारी हुन सकेको छैन । स्थिर सरकार भएको अवस्थामा निश्चय नै अर्थनीति कार्यान्वयन गर्न पनि सजिलो पर्ने हुन्छ ।

नेपालको अर्थतन्त्रमा बाह्य क्षेत्रको महत्वपूर्ण योगदान छ । बाह्य क्षेत्र भन्नासाथ सामान्य अर्थमा बुझ्ने भनेको विप्रेषण हो । विप्रेषणबाट प्राप्त हुने विदेशी मुद्राको सञ्चिति सकारात्मक हुँदै आएको छ । करिब ५४ खर्बको आर्थिक संरचना भएको देशमा राष्ट्रिय बजेटकै हाराहारीमा जस्तो प्रत्येक वर्ष प्राप्त हुने विप्रेषणको रकमले देशको अर्थतन्त्र धानिएको अवस्था छ । १४ महिनासम्मको आयात धान्न सक्ने विदेशी मुद्रा भएको आँकडाले देखाइरहेको छ । यसरी प्राप्त भएको रकमलाई हामीले लगानी नै गर्न सकेका छैनौँ । करिब ६८ प्रतिशत उपभोगमा नै खर्च भएको देखिन्छ भने बाँकी ३२ प्रतिशत पनि उपयुक्त किसिमबाट लगानी भएको छैन ।


विप्रेषणको योगदानलाई उपेक्षा गर्न नसकिए पनि यसको सही प्रयोग भने गर्न सकिएको छैन । विप्रेषण कहिले पनि स्थायी हुन सक्दैन र यो उत्पादन पनि हुँदैन । त्यस कारण कुल गार्हस्थ उत्पादनमा विप्रेषणलाई गणना पनि गरिएको हुँदैन । अर्थतन्त्रको सबलीकरणमा यसको योगदानलाई अस्थायी रूपमा लिनु पर्छ । स्थायी रूपमा किन लिनु हुँदैन भने यसको प्रकृति नै अस्थायी हुने गर्छ । उत्पादनशील जनशक्ति निर्यात गरेर विप्रेषण भित्र्याउनुभन्दा आन्तरिक उत्पादन वृद्धि गरेर विदेशी मुद्रा आर्जन गर्न सक्नु नै अर्थतन्त्रको सबलीकरण पक्ष हो ।

अर्थतन्त्र चलायमान बनाउन आन्तरिक उत्पादनमा नै जोड दिनु पर्छ । आन्तरिक उत्पादन नै स्थायी प्रकृतिको हुन्छ । यसले स्वदेशी आवश्यकता परिपूर्ति गरेर बाह्य मुलुकमा निर्यात गरेर अर्थतन्त्र सुदृढ गराएको हुन्छ । कुनै पनि उद्योग सञ्चालनबाट देशमा रोजगारी बढ्छ, जनताको आय बढ्छ, जनताको आवश्यकता परिपूर्ति हुन्छन्, उत्पादित सामान निर्यात गरेर विदेशी मुद्रा प्राप्त हुन्छ, बजारमा माग बढ्छ । माग बढ्नु भनेको मानिसको हातहातमा पैसा हुन्छ, लगानीको वातावरण बन्दै गएको हुन्छ र मानिसको हातहातमा पैसा भएपछि अर्थतन्त्र चलायमान हुन जान्छ । यस अवस्थामा राष्ट्रिय अर्थतन्त्रको सबलीकरण हुन सक्छ । त्यस कारण अर्थतन्त्र स्थायी रूपले सबलीकरण गर्न विप्रेषणमा भन्दा आन्तरिक अर्थतन्त्र चलायमान बनाएर सबलीकरण गर्नु पर्छ । आन्तरिक उत्पादनमैत्री नभई देशको अर्थतन्त्र चलायमान हुन सक्दैन ।

अर्थतन्त्रको सबलीकरण गर्न कुनै एउटा अवयवले मात्र सम्भव हुँदैन । बजेट तर्जुमादेखि राजस्व, आन्तरिक ऋण, बाह्य ऋण, अनुदान, विप्रेषण, पुँजीगत खर्च, चालुगत खर्च, आन्तरिक उत्पादन जस्ता अर्थतन्त्रका विभिन्न अवयवको योगदान हुनु पर्छ । तब मात्र अर्थतन्त्रको सबलीकरण हुन सक्छ । अहिले यी सबै सूचक नकारात्मक भएकाले अर्थतन्त्र कमजोर हुँदै गएको छ । हाम्रो बजेट तर्जुमा गर्ने प्रणालीमै त्रुटि देखिन्छ । अर्थतन्त्र प्रभावकारी बनाउन पुँजीगत बजेटलाई प्राथमिकतामा राख्नै पर्छ ।

हामीकहाँ पुँजीगत बजेटभन्दा चालुगत बजेट बढी विनियोजित गरिएको हुन्छ । चालुगत बजेटले दायित्व सिर्जना मात्र गरेका हुन्छन् र पुँजी निर्माणमा यिनीहरूको खासै योगदान रहेको हुँदैन । बिर्सन भने के हुँदैन भने चालुगत खर्चको पनि पुँजी निर्माणमा कुनै योगदान नै नभएको भने होइन । तुलनात्मक रूपमा पुँजीगत बजेटको योगदान बढी

# ‘गिरीबन्धुको जग्गा बिक्री कांग्रेसको पालामा भएको होइन’




झापा(प्रस) । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले गिरीबन्धु टि-स्टेटको जग्गा बिक्री नेपाली कांग्रेसको पालामा नभएको बताएका छन् ।

बिहीबार काठमाडौंमा आयोजित प्रजातान्त्रिक विचार समाजको कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

अदालतले फैसला गरेपछि गिरीबन्धु टिस्टेटको निर्णय कांग्रेसको पालामा भएको कुरा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले भनेको कुरा बाहिर आएको भन्दै उनले आफ्नो पालामा भएको निर्णयलाई हो भन्न किन आपत्ति ? भन्दै प्रश्न गरे ।

‘अहिले यो नेपालको राजनीतिमा ओलीजीले बोलेको भनेर बाहिर आएको छ । अदालतले फैसला गरेपछि गिरीबन्धु टिस्टेटको निर्णय कांग्रेसको पालामा भएको भनेर । आफूले निर्णय गर्नुहुन्छ, कांग्रेसलाई भन्नुहुन्छ । कहिले, कसको पालामा भयो, के भयो भनिदिए भइहाल्यो नि ! त्यसकारण यस्तो कुरा उहाँ जस्तो नेताले भन्न सुहाउँदैन, आफूले गरेको कुरा गरेको हो भन्न के आपत्ति छ । अदालतले उहाँलाई भनेको छ, उहाँ के भन्नुहुन्छ भने काँग्रेसको पालामा भएको छ । काँग्रेसको पालामा गिरिजाबाबु र म हो हाम्रो पालामा भएकै छैन । यस्तो कुरा उहाँले बोल्नुभयो, उहाँ जस्तो नेताले यस्तो बोल्नु हुँदैन थियो ।’

गिरीबन्धु चिया बगानको जग्गा साटफेर गर्न अनुमति दिने तत्कालीन सरकारको निर्णय खारेज भएपछि एमाले अध्यक्ष केपी शर्मा ओली सर्वोच्च अदालत र प्रतिपक्षी कांग्रेसप्रति आक्रामक भएका छन् । ओली नेतृत्वको मन्त्रिपरिषद्ले २०७८ वैशाखमा गरेको निर्णयलाई सर्वोच्चको संवैधानिक इजलासले ‘सर्वथा अनुचित, अपरिपक्व र उधारो सर्तयुक्त’ भन्दै खारेज गरेको छ भने प्रतिपक्षी कांग्रेसका नेताहरूले अनुसन्धानको माग गरेका छन् । बुधबार एमाले संसदीय दलको बैठकलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले कांग्रेसले एकपल्ट ५१ बिघा र अर्कोपल्ट १९ बिघा

❖ बाँकी अन्तिम पृष्ठमा

# कनकाई नगरपालिकालाई सुरुङ्गा प्रेस क्लवको ध्यानाकर्षण

कनकाइ(प्रस)।झापाको कनकाईनगर क्षेत्रमा क्रियाशील पत्रकारहरुको संस्था सुरुङ्गा प्रेस क्लवले कनकाई नगरपालिकाको कार्यालयमा ध्यानाकर्षणपत्र बुझाएको छ ।

प्रेस क्लवको संस्थागत विकास साथै संचारकर्मीहरुको क्षमता अभिवृद्धिका लागि कनकाई नगरपालिकामा हरेक वर्ष कार्ययोजनासहितको प्रस्तावना-पत्र पेश गरिएको भएपनि नगरपालिकाले संस्थागत रुपमा कुनै पनि सम्बोधन नगरेको भन्दै क्लवका तर्फबाट नगरपालिकाको कार्यालयमा ध्यानाकर्षणपत्र बुझाइएको हो । कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलको अनुपस्थितिका कारण प्रमुख प्रशासकीय अधिकृत जमुना कटुवाल साथै सूचना प्रविधि अधिकृत खगेन्द्र मिश्रलाई क्लवका तर्फबाट सचिव मनोज बस्नेत र अध्यक्ष रामप्रसाद निरौलाद्वारा हस्ताक्षर गरिएको ध्यानाकर्षणपत्र बुझाइएको हो ।

सोही अवसरमा नेपाल पत्रकार महासंघ कोशी प्रदेशका कार्यसमिति सदस्य लीलाराज झापाली, सुरुङ्गा प्रेस क्लवका अध्यक्ष रामप्रसाद निरौला, नारी संचार गृह झापाकी संस्थापक अध्यक्ष एवं सुरुङ्गा प्रेस क्लवकी उपाध्यक्ष सावित्रा दाहाल, सचिव मनोज बस्नेत, कोषाध्यक्ष चुडामणि तिम्सिनासहितको उपस्थिति रहेको थियो।

क्लवमा आवद्ध पत्रकारहरुबाट स्थानीय सरकारले गरेको गतिविधिलाई स्थानीय तथा राष्ट्रिय स्तरका विभिन्न सञ्चार माध्यमबाट प्रकाशन तथा प्रसारण गरी नगरको विकासमा सधैं रचनात्मक भूमिका खेल्दै आएपनि नगरपालिकाको तर्फबाट संस्थागत रुपमा कुनै पनि सहकार्य नभएको जनाइएको छ । स्थानीय स्तरमा क्रियाशील पत्रकारहरुको संस्था सुरुङ्गा प्रेस क्लवको नाममा बजेट बिनियोजन नहुनु, स्थानीय सञ्चारकर्मीहरुलाई कुनै पनि सूचनामूलक सामग्रीहरु उपलब्ध नगराउनु तर नगर बाहिरका अन्य पत्रकारजन्य संघ संस्थालाई भने कार्यक्रम संचालनका लागि सहयोग गरेकोप्रति क्लवको गम्भीर ध्यानाकर्षण भएको पत्रमा जनाइएको छ ।

नगर क्षेत्रमा क्रियाशील पत्रकारहरुको संस्था सुरुङ्गा प्रेस क्लवको प्रस्तावलाई कार्यान्वयन नगर्ने कनकाई नगरपालिकाले नेपाल पत्रकार महासंघ झापा शाखाले यहि जेठ ५ गते संचालन गर्न लागेको मिडिया सम्मेलनका लागि मोटो रकम उपलब्ध गराउने निर्णय गरेको छ । कनकाईबासीले तिरेको करको रकम मिडिया सम्मेलनका नाममा खर्च गर्नेगरी कनकाई नगरपालिकाबाट रकम बिनियोजन हुनु स्थानीय नगरबासीका लागि ठूलो अन्याय भएको प्रेस क्लवको ठहर छ । यसप्रति स्थानीय सरकार कनकाई नगरपालिकाको गम्भीर ध्यानाकर्षण गराउँदै आगामी दिनमा बजेट बिनियोजन गर्दा स्थानीय स्तरमा विशेष प्राथमिकता दिँदै अघि बढ्न सुरुङ्गा प्रेस क्लवका तर्फबाट अपिल गरिएको छ ।

# खाद्य अधिकार तथा सम्प्रभुतासम्बन्धी नियमावली कार्यान्वयनमा

झापा(प्रस)। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी नियमावली २०८० कार्यान्वयनमा ल्याएको छ । प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट पारित भएपछि त्यसलाई राष्ट्रपतिबाट प्रमाणीकरण गराई कार्यान्वयनमा ल्याएको छ । खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन २०७५ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी यो नियमावली बनाएर कार्यान्वयनमा ल्याएको हो ।

नियमावलीले खाद्य सुरक्षा, भोकमरी नियन्त्रण, लक्षित घरपरिवारलाई खाद्यको व्यवस्था तथा किसान सुरक्षाको विषयमा विशेष जोड दिएको छ । स्थानीय तहले नियमावलीले तोकेबमोजिम ढाँचामा सर्वेक्षण गरी लक्षित घरपरिवार पहिचान गरेर पहिचानपत्र दिएर मात्र खाद्यान्नको व्यवस्था गरिने भनिएको छ । खाद्य सहायता परिचयपत्र प्राप्त लक्षित घरपरिवारमध्ये देहायको कुनै आवस्थाका घरपरिवारलाई सम्बन्धित स्थानीय तहले खास प्रकृतिका लक्षित घरपरिवारको सिफारिस गर्न सक्ने नियमावलीले जनाएको छ । परिचयपत्र पाएकालाई निःशुल्क खाद्य उपलब्ध गराउनुपर्ने नियमावलीले जनाएको छ ।

खाद्य सहायता उपलब्ध गराउँदा त्यसको गुणस्तरमा विशेष ध्यान दिनुपर्ने भनेको छ । नियमावलीमा उल्लेख भए अनुसार पोषक तत्व हुनुपर्ने भनिएको छ । प्रत्येक स्थानीय तहले खाद्य तथा पोषणको प्रबन्ध गर्ने प्रयोजनका लागि स्थानीयस्तरमा उत्पादित स्थानीय उपभोगभन्दा बढी हुने खाद्य पदार्थ उत्पादनकर्ताबाट खरिद गरी सञ्चित गर्न सकिने भनिएको छ ।

स्थानीय तहमा उत्पादन हुने परम्परागत खाद्य पदार्थ तथा खाद्य उपयोगको परम्परागत ज्ञानका बारेमा कृषि मन्त्रालय तथा प्रदेश सरकारको सहयोगमा खोज तथा अनुसन्धान गरी प्रवर्धन गर्नुपर्ने नियमावलीमा उल्लेख छ । त्यसै गरी सरकारले सम्बन्धित बालीको फसल तयार हुनुभन्दा कम्तीमा दुई महिनाअगाडि धान, गहुँ, मकै, कोदो, मसुरो तथा अन्य बालीको न्यूनतम समर्थन मूल्य तोक्नुपर्ने भनिएको छ ।

त्यसैगरी किसानको सूचीकृत गरी त्यसको वर्गीकरण गरेर परिचयपत्र दिनु पर्छ । त्यो परिचयपत्रको आधारमा किसानलाई सहुलियत तथा सेवा सुविधा दिनुपर्ने भनिएको छ । तीन वटै तहका सरकारले दलित, लोपोन्मुख, आदिवासी किसान वा भूमिहीन किसानको हकहितको संरक्षणका लक्षित कृषि विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने नियमावलीमा उल्लेख छ ।

कृषि उत्पादन वा कृषि बालीको हानी नोक्सानीविरुद्ध किसानलाई क्षतिपूर्ति दिनका लागि कृषि बिमाको व्यवस्था गर्नुपर्ने भनिएको छ । स्थानीय तहले खाद्य तथा पोषण सुरक्षासम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने नियमावलीमा भनिएको छ । खाद्य सुरक्षा सूचना संयन्त्रको स्थापना र सञ्चालन गर्नुका साथै जलवायु परिवर्तनको असर न्यूनीकरणका उपाय अपनाउने कुरामा पनि जोड दिएको छ ।

### अर्थतन्त्रको..

भएको हुन्छ । पुँजीगत बजेटलाई ओझेलमा पार्ने गरी धेरै चालुगत बजेट विनियोजन गर्दा उत्पादनमा प्रतिकूल असर पर्छ ।

पुँजीगत बजेट विनियोजन गर्दैमा पनि अर्थतन्त्र प्रभावकारी हुने होइन । यसको सबल पक्ष भनेको कार्यान्वयन हो । चालुगत र वित्तीय व्यवस्थापनभन्दा पनि पुँजीगतमा कम बजेट विनियोजन गर्ने र त्यो पनि खर्च गर्न नसक्दा अर्थतन्त्र खस्किँदै गएको अहिलेको अवस्था हो । अहिले आर्थिक वर्षको अन्तिम अवस्था हो । अहिले पनि पुँजीगत बजेट ३० प्रतिशतभन्दा माथि जान सकेको छैन । त्यस कारण पुँजीगत खर्च भएन भन्नुभन्दा पनि बजेट कार्यान्वयन हुन नसकिरहेको देखिन्छ । बजेट कार्यान्वयन हुन सकेको अवस्थामा बजारमा पैसाको चहलपहल हुन्छ र अर्थतन्त्र चलायमान हुन सक्छ ।

देशमा लगानी गर्न अनुकूल वातावरण नभएको भन्दै उद्योगी व्यवसायी भनी आएका छन् । नयाँ उद्योग सञ्चालन पनि नभएको अवस्था छ । बैङ्क तथा वित्तीय संस्थामा प्रशस्त तरलता भए पनि पैसा थेग्रिएर बसेको छ र बजारमा पैसा जान सकेको छैन । एकातिर पैसा भएर पनि बजारमा पैसा पुगेको छैन भने अर्कोतर्फ सरकारसँग भएको पैसा पनि खर्च गर्न सकेको छैन । यसरी कतै पैसा छ, लगानीका लागि कर्जा माग हुँदैन र कतै विकासनिर्माण कार्यमा पैसा खर्चै हुँदैन । यस अवस्थामा अर्थतन्त्रमा समस्या आउनु कुनै नौलो कुरो भएन । यसलाई स्वाभाविक रूपमा लिनु पर्छ । सधैँ यही अवस्था रहन दिनु भने हुँदैन र अर्थतन्त्र चलायमान हुने गरी लगानीलाई उत्पादनशील क्षेत्रमा प्रवाह गर्नु पर्छ ।

सबल अर्थतन्त्रका लागि सुशासन अति आवश्यक हुन्छ । सुशासन भनेको कानुनतः सबै काम सम्पन्न हुनु हो । सुशासनले कुनै पनि कामको लक्ष्य हासिल गरेको हुन्छ । सुशासन भएन भने ऐन कानुनको केही हैसियत हुँदैन । सबै कुरा अनुशासनबाहिर पुग्दछन् । सुशासन नहुनु भनेको देशमा भ्रष्टाचार बढ्दै जानु हो । बढ्दो भ्रष्टाचारले गर्दा बजारमा पैसा जान सकको छैन । भनिन्छ, पैसा घरमै थुपारिएको छ । यस कारणले गर्दा पनि अर्थतन्त्र चलायमान हुन सकिरहेको छैन । यसलाई नियन्त्रण गर्न ५०० र एक हजारका नोट नोटबन्दी गर्नु पर्छ । अर्थतन्त्र सबलीकरण हुन निर्यातमा वृद्धि हुनु पर्छ । निर्यात ज्यादै निराशाजनक छ । नौ रुपियाँ आयात गर्दछौँ भने एक रुपियाँ मात्र निर्यात गरेका हुन्छौँ । यस अवस्थामा विदेशी मुद्रा सञ्चिति हुन सक्दैन । विप्रेषण, ऋण र अनुदानबाट आएको सबै विदेशी मुद्रा आयात भुक्तानीमा नै जाने गरेको छ । यी अवयवमा सुधार गरेर अर्थतन्त्रलाई सबलीकरण गर्न सकिने हुन्छ । अन्यथा अर्थतन्त्रले धेरै जोखिम निम्त्याउने सम्भावना हुन्छ । निर्यात व्यापार देशको मेरुदण्ड हो, मानिसको शरीरमा रक्तसञ्चार भए जस्तो तर यही क्षेत्र अहिले थला परेको छ । किनभने अहिले औद्योगिक वातावरण निकै कमजोर भएको छ ।

भनिन्छ, देशको अर्थतन्त्रलाई अनौपचारिक अर्थतन्त्रले प्रभाव पारेको छ । समानान्तर रूपमा गैरकानुनी आर्थिक गतिविधि सञ्चालन हुन्छन् भने राष्ट्रिय अर्थतन्त्र निश्चय नै ओझेलमा पर्छ । अवैधानिक तवरले जम्मा गरेको सम्पत्ति विदेश लगिन्छ वा गैरकानुनी काममा प्रयोग गरिन्छ भने यसको असर राष्ट्रिय स्वाधीन अर्थतन्त्रमा परेकै हुन्छ । देशको पुँजी पलायन हुन्छ र विभिन्न क्षेत्रमा प्रतिकूल प्रभाव पार्छ । अहिले देशमा देखिएका आर्थिक घोटालाले पनि अनौपचारिक अर्थतन्त्र छाँगिँदै गएको कुरा पुष्टि हुन आउँछ ।

अहिलेको विश्व आर्थिक परिस्थिति र आन्तरिक कमजोर आर्थिक गतिविधिका कारणले अर्थतन्त्र सबलीकरण हुन सकिरहेको छैन । लामो समयदेखि खस्किँदै गएको अर्थतन्त्रलाई छोटो समयमा सबलीकरण गर्न त्यति सजिलो पनि छैन । यसको सुधार गर्न अझै केही समय लाग्ने नै हुन्छ । अबको समय भनेको आर्थिक विकासको हो । त्यस कारण अर्थतन्त्रको सबलीकरणतर्फ राज्यको ध्यान केन्द्रित हुनु पर्छ ।

# ताप्लेजुङमा पर्यटन महोत्सव सुरु




झापा(प्रस)। ताप्लेजुङमा पर्यटन महोत्सव बिहीबारदेखि सुरु भएको छ । ‘स्थानीय अर्गानिक मेला महोत्सवमा प्रोत्साहन, ताप्लेजुङको पर्यटकीय स्थलहरुको प्रचारप्रसार तथा अवलोकन’ भन्ने नाराका साथ सदरमुकाम फुङ्लिङमा पर्यटन महोत्सव सुरु भएको हो । बिहीवारदेखि सुरु भएको महोत्सव यही जेठ ७ गतेसम्म सञ्चालन हुने छ ।

महोत्सवको पहिलो दिन विभिन्न सांस्कृतिक झाँकीसहित फुङ्लिङ बजार परिक्रमा गरिएको छ । बजार परिक्रमापछि कार्यक्रमस्थल हुलाक टोलमा पुगेर महोत्सवको औपचारिक उद्घाटन गरिएको छ । कार्यक्रमस्थलमा घरेलु उत्पादनका सामग्रीसहित औद्योगिक प्रदर्शनी, मौलिक खाद्य परिकारजस्ता व्यापारिक स्टलहरु राखिएका छन् । यस्तै, जिल्लाको पर्यटकीय स्थलहरुको फोटो प्रदर्शनी स्टल पनि राखिएको छ । यसैगरी, महोत्सवको आकर्षणमा बिहीवारदेखि नै फुङ्लिङ नगरपालिकाको आयोजनामा अन्तरपालिकास्तरीय मेयर कप पुरुष भलिबल प्रतियोगिता सुरु भएको छ ।

त्यस्तै खुला म्याराथन प्रतियोगिता, महिला हाफ म्याराथन प्रतियोगिता, चोयाको डोको र पातको टपरी बुन्ने प्रतियोगिता रहेका छन् ।

महोत्सवमा डोको क्यारी रन (डोको बोकेर दौडने) प्रतियोगिता पनि राखिएको छ । जिल्लाको पर्यटन प्रवर्द्धन गर्ने मुख्य उद्देश्यले आयोजना गरिएको महोत्सवमा खेलकुद गतिविधि साथै सांस्कृतिक कार्यक्रमहरु पनि रहेका छन् । साङ्गीतिक कार्यक्रमअन्तर्गत प्रत्येक दिन स्थानीय तथा राष्ट्रिय कलाकारहरुको प्रस्तुति रहने महोत्सव मूल आयोजक समितिका संयोजक एवम् जिल्ला समन्वय समिति ताप्लेजुङका प्रमुख छिरिङ लामाले जानकारी दिए ।


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा




सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा




PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान




## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिथुन** सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

**कर्कट** जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

**सिंह** सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

**कन्या** मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

**तुला** कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

**वृश्चिक** आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

**धनु** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**मकर** नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कुम्भ** ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

**मिन** आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ